**नेपाल राष्ट्र बैंक**

**प्रेस नोट**

# उपभोक्ता मूल्य सूचकाङ्कको आधार वर्ष परिवर्तन

## १. पृष्ठभूमि

यस बैंकले उपभोक्ता मूल्य सूचकाङ्क निर्माण गरी नियमित रूपमा प्रकाशन गर्दै आएको छ । समयको अन्तरालसँगै अर्थतन्त्रको संरचनामा परिवर्तन आउने हुँदा उपभोक्ताको खर्च प्रवृत्तिमा परिवर्तन हुने, नयाँ वस्तु तथा सेवाहरु बजारमा देखापर्ने, विद्यमान वस्तुहरुको गुणस्तरमा परिवर्तन आउने एवम् बजार विस्तार भइरहेको आधारमा यस बैंकले मूल्य सूचकाङ्कको आधार वर्षलाई अद्यावधिक गरेको छ । बैंकले नेपालको मुद्रास्फीति गणना गर्न प्रयोग हुने राष्ट्रिय उपभोक्ता मूल्य सूचकाङ्कलाई आधार वर्ष २०७१/७२ बाट २०८०/८१ मा अद्यावधिक गरेको छ । नेपाल राष्ट्र बैंकले आर्थिक वर्ष २०३१/३२ देखि उपभोक्ता मूल्य सूचकाङ्क प्रकाशन गर्न थालेदेखिको यो छैटौं आधार वर्ष परिवर्तन हो । नयाँ आधार वर्षमा आधारित सूचकाङ्कले उपभोगको प्रवृत्तिलाई बृहत् रूपमा समेट्नुका साथै अन्तर्राष्ट्रिय अद्यावधिक अभ्यासहरुलाई अनुसरण गरेको छ ।

## २. मुख्य सुधारहरु

विगतका वर्षमा नेपाल राष्ट्र बैंकले पारिवारिक बजेट सर्वेक्षणको आधारमा वस्तु तथा सेवाको डालो र भाराङ्क निर्धारण गर्दै आएकोमा यस वर्षबाट नेपाल सरकार, राष्ट्रिय तथ्याङ्क कार्यालयले गरेको नेपाल जीवनस्तर सर्वेक्षण (NLSS-IV) को तथ्याङ्कका आधारमा वस्तु तथा सेवाको डालो र भाराङ्क निर्धारण गरिएको छ । नेपाल जीवनस्तर सर्वेक्षणबाट प्राप्त स्रोतहरूको उपयोग हुनुका साथै तथ्याङ्कहरुबीच सामञ्जस्य कायम गर्न सहयोग पुगेको छ। नयाँ उपभोक्ता मूल्य सूचकाङ्कमा देहायबमोजिम मुख्य परिवर्तनहरु भएका छन् ।

- अद्यावधिक गरिएको उपभोक्ता मूल्य सूचकाङ्कको डालोमा ५२५ वस्तु तथा सेवाहरु समावेश गरिएको छ । यसअघि ४९६ वस्तु तथा सेवा रहेका थिए । नयाँ उपभोग्य वस्तुहरू थप गरिएका छन् भने प्रचलनमा नरहेका वस्तु तथा सेवालाई हटाइएको छ ।
- साविकको डालो (Basket) मा ५० जिल्लाका ६० वटा बजार केन्द्र रहेकोमा हाल देशका सबै ७७ जिल्लाका ८७ वटा बजार केन्द्रबाट मूल्य सङ्कलन गरिएको छ । साथै, ग्रामीण र नयाँ सहरी क्षेत्रलाई समेत समावेश गरिएको छ ।
- देशको सातै प्रदेशको प्रादेशिक उपभोक्ता मूल्य सूचकाङ्क गणना गरिएको छ ।
- असल अन्तर्राष्ट्रिय अभ्यासका आधारमा Elementary Aggregates गणनाका लागि Jevons Index Formula (Geometric Mean) र Higher Level Aggregates को लागि Modified Arithmetic Laspeyres Method प्रयोग गरिएको छ ।
- मौसमी वस्तुहरु, अस्थायी रूपमा बजारमा उपलब्ध हुन नसक्ने वस्तुहरूको मूल्य समायोजन विधिहरूमा सुधार गरिएको छ ।
- उपभोक्ता मूल्य सूचकाङ्कलाई गणना गर्ने सफ्टवेयरमा तथ्याङ्कको गुणस्तर सुनिश्चित गर्न आवश्यक सुधार गरिएको छ ।

### ३. गणना विधि

उपभोक्ता मूल्य सूचकाङ्क गणना गर्न Fixed Weight Basket, Matched Sample Method प्रयोग गरिएको छ । वस्तु तथा सेवाको डालो र भाराङ्क NLSS-IV बाट लिइएको हो । यो ९,६०० घरपरिवारमा सञ्चालन गरेको सर्वेक्षणमा आधारित छ । यसमा १५ विश्लेषणात्मक क्षेत्रहरू (Analytical Domain) जम्मा सात प्रदेशका ग्रामीण तथा सहरी क्षेत्र र काठमाडौं उपत्यकासमेत रहेका छन् । सूचकाङ्क गणना गर्ने प्रयोजनको लागि राष्ट्रिय तथ्याङ्क कार्यालयबाट प्रकाशित २०७८ को जनगणना र २०७५ को आर्थिक गणनाको आधारमा बजार केन्द्रहरु निर्धारण गरिएको छ ।

साविकको ६० बजार केन्द्र र ५० जिल्लाको तुलनामा हालको उपभोक्ता मूल्य सूचकाङ्कमा ७७ जिल्लालाई समेटेर कुल ८७ बजार केन्द्र छनोट गरिएको छ । सबै प्रदेशमा ग्रामीण र सहरी बजार केन्द्रहरूको प्रतिनिधित्व छ । जनसङ्ख्याको वितरण र प्रतिष्ठानको सङ्ख्याका आधारमा प्रत्येक प्रदेशको ग्रामीण क्षेत्रबाट तीन वटा बजार केन्द्र छनोट गरिएको छ, जसमा २१ ग्रामीण र ६६ सहरी बजार क्षेत्र समावेश छन् ।

- स्वास्थ्य, शिक्षा, लत्ताकपडा, जुत्तालगायत NLSS-IV मा एकमुष्ट खर्च उल्लेख गरिएका केही वस्तु समूहमा समावेश हुने वस्तुहरू निर्धारण गर्न यस बैंकले पूरक बजार सर्वेक्षण गरेको थियो ।
- नियमित मूल्य सङ्कलनका लागि आउटलेटहरू निर्धारण गर्न छुट्टै सर्वेक्षण गरिएको थियो । प्रत्येक बजारबाट प्रारम्भिक रूपमा आउटलेटहरू तोकिएको थियो । तीमध्ये आउटलेटको स्थिरता, वस्तु आपूर्तिको नियमितता, सहयोगी भावना, आउटलेटको लोकप्रियता र वस्तुको उपलब्धता लगायतको आधारमा नियमित मूल्य तथ्याङ्क सङ्कलन गर्न बढीमा तीन वटा आउटलेट छनोट गरिएको छ ।
- मासिक रूपमा प्रकाशन हुने उपभोक्ता मूल्य तथ्याङ्कमा साप्ताहिक (५९), मासिक (९४) तथा त्रैमासिक (३७२) गरी जम्मा ५२५ वस्तु तथा सेवाहरुको मूल्य सङ्कलन गरिएको छ ।
- मूल्य तथ्याङ्क सङ्कलन गर्न प्रत्येक बजार क्षेत्रमा दुई जना तथ्याङ्क सङ्कलक तोकिएको छ ।
- वस्तु तथा सेवाहरुको वर्गीकरण संयुक्त राष्ट्र संघको Classification of Individual Consumption According to Purpose (COICOP, 2018) अनुसार गरिएको छ ।

**Table 1: Comparison between CPI Weights**

| | National CPI: Groups and Sub-Groups | Weight % | |
|---|---|---|---|
| | Total (A+B) | 2014/15 (100) | 2023/24 (100) |
| **A** | **Food and Beverage** | **39.90** | **35.49** |
| | Cereal grains and their products | 11.33 | 8.08 |
| | Pulses and Legumes | 1.84 | 1.76 |
| | Vegetable | 5.52 | 4.65 |
| | Meat and Fish | 6.75 | 6.76 |
| | Milk products and Eggs | 5.24 | 4.28 |
| | Ghee and Oil | 2.95 | 2.97 |
| | Fruit | 2.08 | 3.23 |
| | Sugar and Sugar products | 1.74 | 1.10 |
| | Spices | 1.21 | 1.80 |
| | Non-alcoholic drinks | 1.24 | 0.87 |
| | Alcoholic drinks | * | * |
| | Tobacco products | ** | ** |
| | Restaurant and Hotel | *** | *** |
| **B** | **Non-Food and Services** | **60.10** | **64.51** |
| | Alcoholic drinks* | 0.68 | 1.26 |
| | Tobacco products** | 0.41 | 1.03 |
| | Clothes and Footwear | 7.19 | 5.65 |
| | Housing and Utilities | 20.30 | 16.66 |
| | Furnishing and Household equipment | 4.30 | 5.91 |
| | Health | 3.47 | 5.51 |
| | Transportation | 5.34 | 6.26 |
| | Communication | 2.82 | 3.60 |
| | Recreation and Culture | 2.46 | 1.52 |
| | Education | 7.41 | 4.67 |
| | Restaurant and Accommodation Services*** | 2.92 | 8.00 |
| | Insurance and Financial Services# | - | 0.93 |
| | Miscellaneous goods and services | 2.81 | 3.49 |

***Note:*** In previous base year 2014/15, (i) Total weight of food and beverage group was 43.91 percent while the total weight of non-food and services group was 56.09 percent, (ii) Alcoholic drinks*(0.68), tobacco products**(0.41) and restaurant and hotel***(2.92) were under Food and Beverage group and (iii) Insurance and financial services# subgroup was under Miscellaneous goods and services.

### ४. मुख्य वस्तु तथा सेवाहरु

राष्ट्रियस्तरको उपभोक्ता मूल्य सूचकाङ्क खाद्य र पेय पदार्थ तथा गैर-खाद्य र सेवाहरू गरी दुई बृहत् समूहमा विभाजन गरिएको छ । खाद्य र पेय पदार्थ तथा गैर-खाद्य र सेवाहरूको क्रमश: १० र १३ उप-समूहहरू रहेका छन् । सहरी र ग्रामीण क्षेत्रसँगै प्रदेशस्तरका सूचकाङ्कहरू दुई बृहत समूहमा प्रकाशन गरिएको छ । साविकको वर्गीकरणको मदिराजन्य पेय, सूर्तिजन्य पदार्थ र रेष्टुरेन्ट तथा होटल (आवास) समूहलाई गैर-खाद्य तथा सेवा समूहमा राखिएको छ । तालिका-१ मा वर्तमान र अघिल्लो तथ्याङ्कमा प्रमुख समूह र उप-

समूहहरूको भाराङ्क प्रस्तुत गरिएको छ । अघिल्ला समुहहरू जस्तै तुलनात्मक तीन उप-समूहहरू समावेश गर्ने हो भने खाद्य तथा पेय पदार्थ समूहको भाराङ्क केही बढेको देखिन्छ ।

**५. तथ्याङ्क प्रकासन तथा सम्प्रेषण**

उपभोक्ता मूल्य सूचकाङ्क र मुद्रास्फीतिको तथ्याङ्कहरू प्रत्येक महिना यस बैंकले प्रकाशन गर्ने वर्तमान समष्टिगत आर्थिक र वित्तीय स्थितिमा मासिक रूपमा प्रकाशन गरिनेछ । यस आर्थिक वर्षदेखि राष्ट्रिय उपभोक्ता मूल्य सूचकाङ्कसँगै प्रादेशिक स्तरका समेत सूचकाङ्क प्रकाशन गरिनेछ । अघिल्लो ढाँचामा जस्तै पूरक सूचकहरू: हिमाल, पहाड र तराईअन्तर्गत समावेश गरिनेछ । मूल्य सूचकाङ्कले आधार वर्षको समान वस्तु तथा सेवाहरुको डालो तुलनामा समीक्षा वर्षमा भएको औसत मूल्यको परिवर्तनलाई प्रतिबिम्बित गर्दछ । राष्ट्रिय उपभोक्ता मूल्य सूचकाङ्कमा गत वर्षको सोही महिनासँग हुने प्रतिशत परिवर्तन Year-on-Year आधारमा सम्प्रेषण गरिएको छ । वार्षिक मुद्रास्फीति एक वर्षको अवधिमा उपभोक्ता मूल्य सूचकाङ्कमा हुने औसत परिवर्तन हो । यसका अतिरिक्त मूल्यमा मासिक परिवर्तन वर्तमान र अघिल्लो महिनाबीच तुलना गर्न सकिन्छ ।

**२०८१ असोज १० गते** **आर्थिक अनुसन्धान विभाग**